# पाचौं राष्ट्पटि रनिङ शिल्ड प्रतियोगिताको उपाधि महेन्द्र मावि लाहाचोकलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १७ मंसिर



माछापुच्छ्रे गाउँपालिका शिक्षा युवा तथा खुलकुद शाखाको द्धारा आयोजित पाचौं संस्करणको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि महेन्द्र मा.वि लाहाचोकले हात पारेको छ । महेन्द्रको निरन्तर पाचौं पटकको जित हौ ।

महेन्द्रले ११ स्वर्ण ५ रजत र २ कास्य सहित १८ पदक प्राप्त गर्दै प्रथम भएको छ । निशपक्ष मा.विले ७ स्वर्ण ६ रजत ३ कास्य गरि १६ पदक साथ द्धितिय भयो । उदय मा.वि ४ स्वर्ण,४ रजत र ४ कास्य गरि १२ पदकमा चित्त वुझाउदै तृयिय भयो । प्रथमले नगद रु १५ हजार , द्धितियले नगद रु १० हजार र तृतीयले नगद रु ७ हजार साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे । कार्यक्रमलाई सम्वोधन गर्दै माछापुच्छ्रे गाउँपालिका अध्यक्ष मिन ब. गुरुङले शिक्षासंगै खेलकुदलाई पनि प्रथामिकतामा राख्नु पर्नेमा जोड दिनुभयो । साथै विद्यार्थीको शिक्षासंगै खेलकुद बृद्धि विकासका लागि सधै पालिका साथमा रहेको उल्लेख गर्नुभयो । वडा न.४ का अध्यक्ष मदुसुदन अधिकारीले विगतझै जिल्ल, प्रदेशदेखि केन्द्र सम्म स्थान बनाउदै खेलको माध्यमा बाट माछापुच्छ्रे गाउँपालिकालाई चिनाउन आग्रह गर्नुभयो ।

माछापुच्छे गाउँपालिका शिक्षा शाखा प्रमुख एवं खेल व्यवास्थापन उपसमिति संयोजक सम्झना पोरखेलले खेल भव्य र सौहार्दपुर्ण रुपमा सम्पन्न भएको भन्दै सहभागि विद्यालय,विद्यार्थी साथै विभिन्न भुमिकामा रहनुहुने सम्पुर्ण माहनुभाहरुमा धन्यवाद व्यक्त गर्नुभयो ।

३० खेलका साथ सम्पन्न प्रतियोगितामा माध्यमिक विद्यालयका कुल ३ सय ८३ विद्यार्थीले भाग लिएको शिक्षा शाखा सहायक विष्णु प्रसाद अधिकारीले बताउनु भयो ।

गाउँपालिका सामाजित विकास समिति संयोजक हरी ब. क्षत्रीको अध्यक्षता भएको कार्यक्रमको सञ्चालन महेन्द मा.विका प्रधानध्यापक जगनाथ अधिकारीले गर्नुभयो ।

# पोखरा स्टील फेब्रिकेटर्स एसोसिएसनमा बासुदेव पौडल

**पोखरापत्र संवाददाता**
पोखरा, १७ मंसिर

पोखरा स्टील फेब्रिकेटर्स एसोसिएसनको पन्ध्रौं अधिवेशनले बासुदेव पौडेलको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ ।

यसैगरी कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा वसन्त रेग्मी, उपाध्यक्षमा विष्णु कुमार वास्तोला, महासचिवमा भिम प्रसाद आचार्य, सचिव सालिकराम बास्तोला,कोषध्यक्ष शिव गिरी, सहकोषाध्यक्ष किशोर रसाईली, सदस्यहरुमा तारा बुढाथोकी, गणेश बास्तोला, किरण थापा, सागर नेपाली, धर्म बहादुर बिष्ट, भिम बहादुर श्रेष्ठ निर्विरोध निर्वाचित हुनुभएको हो ।



अधिवेशन उद्घाटन ग्रील तथा स्टील ब्यवसायी महासंघका केन्द्रिय अध्यक्ष ठुलोबाबु श्रेष्ठ गर्नु भएको थियो । निवर्तमान अध्यक्ष विश्व प्रसाद कर्माचार्यको सभापतित्वमा भएको कार्यक्रम एसोसिएसनका महासचिव भिम प्रसाद आचार्यले सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा केन्द्रिय दोश्रो उपाध्यक्ष ईश्वर खड्का, उपाध्यक्ष एवम् गण्डकी प्रदेश संयोजक रन बहादुर विश्वकर्मा तथा केन्द्रिय सदस्य खोकाजी श्रेष्ठ, पोखराका पूर्व अध्यक्ष ऋषि गिरी, सल्लाहकार अम्बर बहादुर गुरुङ, रुद्रलाल श्रेष्ठ, याम प्रसाद पौडेल, दिपेन्द्र राई, नारायण बास्तोला, बिभिन्न हार्डवेयरका प्रतिनिधिहरु, समाजसेवी, एसोसिएसनमा आबद्ध ब्यवसायी तथा ब्यवसायीहरुका परिवारका सदस्यहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्दै निवर्तमान अध्यक्ष विश्व प्रसाद कर्माचार्यले आफ्नो कार्यकालमा कार्यसम्पादनमा सहजिकरण गर्न खटिनुहुने सबैलाई आभार ब्यक्त गर्दै नयाँ कार्यसमितिको कार्यकाल सफलताको शुभकामना सहित बधाई दिनु भएको थियो । कार्यक्रममा बोल्दै महासंघका अध्यक्ष ठुलोबाबु श्रेष्ठले आफुले महासंघको नेतृत्व समालेपछि केहि महत्वपूर्ण कार्यहरुको थालनी भएको बताउनु भयो । राज्य गम्भिर नभएसम्म ग्रील तथा स्टील ब्यवसायीहरुको अवस्था सुधारगर्न कठीनाइ हुने भएकाले महासंघको प्रतिनिधि मण्डलले प्रधानमन्त्री, सभामुख, उद्योग मन्त्री, उर्जा मन्त्रीलाई भेटी ब्यवसायीहरुको हितमा नीतिगत निर्णय गर्न सरकारलाई दवाब स्वरुप सात बुँदे ज्ञापनपत्र बुझाईएको र त्यसलाई नेपाल सरकारले गंभिरतापूर्वक लिएको बताउनुभयो । अध्यक्ष श्रेष्ठले गएको तिस बर्षमा गर्न नसकेका कामहरु आफ्नो नेतृत्वको समितिले तिन बर्षमा गर्न सक्ने क्षमता राख्ने भन्दै यसको लागि सबैले साथ र सहयोग दिनु पर्नेमा जोड दिनुभयो । महासंघका दोश्रो उपाध्यक्ष ईश्वर खड्काले नयाँ कार्यसमितिले नीति र बिधान भित्र रहि संस्थालाई अझ उचाईमा पुऱ्याउन सफल बनोस् भन्दै शुभकामना ब्यक्त गर्नु भएको थियो ।

निर्विरोध निर्वाचित भए पछि बोल्दै अध्यक्ष पौडेलले यो संगठन चलाउन निकै कठीन भएपनि अहिले निर्वाचित टिम मजबुद भएकोले आम ब्यवसायीहरुको समस्याको उचित समाधान गर्दै अगाडी बढ्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

# वालिङका सबै घरमा नम्बर प्लेट टाँसिने

**पोखरापत्र संवाददाता**
वालिङ, १७ मंसिर

स्मार्ट सिटीको अवधारणा अनुसार अगाडि बढ्दै गरेको स्याङ्जाको वालिङ नगरपालिकाले नगरभित्रका सबै घरमा नम्बर प्लेट टाँस्ने अभियान थालेको छ ।

नगरपालिकाको 'सामुदायिक स्वास्थ्य तथा नर्सिङ घरदैलो कार्यक्रम'अन्तर्गत घरमा नम्बर प्लेट टाँस्ने अभियान थालिएको हो ।

संघीय सरकार स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग र वालिङ नगरपालिकाबीच एक समझदारी पत्रमा हस्ताक्षर भएसँगै नगरभित्रका प्रत्येक घरमा नम्बर प्लेट टाँस्ने अभियान थालिएको नगर प्रमुख कृष्ण खाँणले बताउनुभयो।नगरकाचौधवटैवडामा रहेका प्रत्येक नागरिकको स्वास्थ्य स्थितिको अभिलेखीकरणसहित घर जिपिएस प्रणालीबाट पत्ता लगाउन सक्ने गरी नम्बर प्लेट टाँसिएको उहाँको भनाइ थियो । "यो कार्यक्रममार्फत प्रत्येक नागरिकको स्वास्थ्य स्थितिकाबारेमा नगरपालिका जानकार भइरहने र सोही बमोजिम अन्य कार्यक्रम तथा नीति तयार गर्न सघाउ पुग्ने देखिन्छ", खाँणले भन्नुभयो, "वडा नं ३ को माझकोटबाट सुरु भएको यो अभियानलाई एक महिनाको अवधिमा नगरका सबै वडामा पुऱ्याउँछौं ।" सरुवा रोगको सङ्क्रमणको जोखिम न्यूनीकरण गर्दै रोगका बारेमा सचेतना फैलाउन यस अभियानले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास उहाँको छ । नसर्ने रोगका बारेमा पनि नागरिकलाई सचेत बनाइने भएको उपप्रमुख कविता तिवारी गैह्रेले बताउनुभयो। उहाँका अनुसार अभियानलाई प्रभावकारीरुपमा अगाडि बढाउन प्रत्येक वडामा नर्सहरु खटाइसएिको छ ।

नर्समार्फत नागरिकमा देखिने मुटुरोग, मनोरोग, पाठेघरको क्यान्सर, स्तन क्यान्सर लगायतका रोगका बारेमा जानकारी दिने र स्वस्थ जीवनशैली कसरी हुनसक्छ भन्ने विषयमा सचेतना जगाउने काम गरिने गैह्रेले बताउनुभयो । "सबैभन्दा ठूलो सम्पत्ति नै स्वास्थ्य हो", उहाँले भन्नुभयो, "यहाँका नागरिकलाई स्वास्थ्यको पहुँचमा ल्याउनका लागि स्वास्थ्यकर्मीलाई घरघरमै पठाएका छौं । प्रत्येक घरमा पुगेर तथ्याङ्क सङ्कलन गर्ने र बिरामीलाई आवश्यक परामर्श प्रदान गरिनेछ।" विशेष गरी ग्रामीण भेगमा बस्ने नागरिकले नसर्ने रोगका कारण अकालमै मृत्युवरण गर्न नपरोस् भन्ने उद्देश्यले यो अभियान अगाडि बढाइएको स्वास्थ्य शाखा प्रमुख कमलप्रसाद पाण्डेले बताउनुभयो ।

नगरपालिकाले घरघरमा नम्बर प्लेट टाँससँगै घरका सदस्यको स्वास्थ्य अवस्थाको सबै विवरण राखिने भएकाले पनि पहिचान गर्न सहज हुने उहाँको भनाइ थियो ।






# कास्कीमा ...

गर्न आव्हान गरिएको यातायात व्यवस्था कार्यालय सवारी कास्कीका कार्यालय प्रमुख डिल्लीराज रिजाले बताउनु भयो । नामसारी देखि नविकरण गर्नेहरुको समेत अनिवार्य रुपमा इम्बोस्ड नम्बर जडान गर्दै लैजाने योजना भएको प्रमुख रिजालले जनाउनु भयो । हालसम्म गण्डकीमा २ हजार ६ सय वटा सवारी साधनको इम्बोस्ड नम्बर जडान भएको प्रमुख रिजालले बताउनु भयो ।

कार्यालयले दैनिक हाल ६० देखि ७० वटासम्म इम्बोस्ड नम्बर जडान गर्ने क्षमता रहेको उहाँले जनाउनु भयो । विभागले यदि सर्भरको क्षमता बढाइदिएको खण्डमा अहिलेको दोब्बर बढीलाई इम्बोस्ड नम्बर जडान गर्न सकिने प्रमुख रिजालले बताउनु भयो । उहाँका अनुसार कास्कीमा ३ लाख सानो तथा ठुला गरी सवारी साधनहरु दर्ता भएका छन् । जसमध्य २ लाख २५ हजार जसो मोटरसाइकल तथा स्कुटर दर्ता भएका छन्। उक्त इम्बोस्ड नम्बर जडान गर्दा २ हजार ५ सय रुपैया शुल्क लाग्ने गर्दछ । केही समय अघि बसैलाई अनिवार्य रुपमा इम्बोस्ड नम्बर जडान गर्न आव्हान गरे पनि कार्यालयको इम्बोस्ड नम्बर जडान गर्ने क्षमता कम भएकोले त्यसलाई स्थगित गरिएको थियो ।

# 'शैक्षिक भ्रमणको प्रमुख गन्तव्य गोरखा दरबार सङ्ग्रहालय'

**पोखरापत्र संवाददाता**
गोरखा, १७ मंसिर

गोरखाको इतिहासको अध्ययन गर्ने थलोका रूपमा चिनिदै आएको गोरखा दरबार सङ्ग्रहालय पछिल्लो समय शैक्षिक भ्रमणको प्रमुख गन्तव्यको बन्न थालेको छ । शैक्षिक भ्रमणको याम सुरु भएसँगै सङ्ग्रहालयमा गोरखाको इतिहास अध्ययन गर्न आउने विद्यार्थीको अत्यधिक चाप बढ्नुले गोरखा सङ्ग्रहालय शैक्षिक भ्रमणको प्रमुख गन्तव्यका रूपमा विकास हुँदै गएको पाइएको हो ।

विभिन्न जिल्लाबाट दैनिक सयौँका सङ्ख्यामा सङ्ग्रहालय घुम्न र अध्ययनका लागि विद्यार्थी शैक्षिक भ्रमणमा आउन गरेको सङ्ग्रहालयका प्रमुख नवराज अधिकारीले जानकारी दिनुभयो । "गएको चार महिनाको अवधिमा मात्र करिब ३० हजारभन्दा बढीले सङ्ग्रहालयको अवलोकन गरिसकेका छन्, पछिल्लो समय सङ्ग्रहालय घुम्न आउनेहरूमा अधिकांश शैक्षिक भ्रमणमा आउने विद्यार्थी छन्", उहाँले भन्नुभयो । गएको कात्तिक महिनामा मात्र १४ हजार तीन सय ८० जनाले सङ्ग्रहालय अवलोकन गरेको उहाँले बताउनुभयो । त्यस्तै गएको साउनमा छ हजार दुई ४९, भदौमा चार हजार आठ सय ४९, असोजमा पाँच हजार तीन सय नौजनाले सङ्ग्रहालयको अवलोकन गरेको कार्यालयको तथ्याङ्क छ । मङ्सिरमा २० हजारभन्दा बढीले सङ्ग्रहालय अवलोकन गर्ने अनुमान गरिएको प्रमुख अधिकारीको भनाइ छ । शैक्षिक भ्रमणको सिजन सुरु भएपछि कात्तिकदेखि सङ्ग्रहालय घुम्न आउनेको सङ्ख्या ह्वात्तै वृद्धि भएको उहाँको भनाइ छ । "शैक्षिक भ्रमणका लागि विद्यार्थीको रोजाइमा मुख्य गोरखा पर्ने गरेको र गोरखा आएपछि एकपटक ऐतिहासिक सङ्ग्रहालयको अवलोकन नगरी फर्कन प्रायः कोही हुँदैन", उहाँले भन्नुभयो, "अहिले सङ्ग्रहालयमा आउने विद्यार्थीको चाप अत्यधिक छ ।"

सङ्ग्रहालयमा तत्कालीन गोरखा राज्यको इतिहाससँगै संस्कृति,परम्परारीतिरिवाजझल्कने पुरातात्विक महत्वका वस्तुको समेत अवलोकन गर्न पाइन्छ। "सङ्ग्रहालयमा पृथ्वीनारायण शाहसँग सम्बधित ऐतिहासिक वस्तुको अवलोकन गर्नसक्ने व्यवस्था मिलाइएको छ, गोरखा राज्य र पृथ्वीनारायण शाहको इतिहास अध्ययनका लागि धेरैजसो विद्यार्थी गोरखा सङ्ग्रहालयको अवलोकन गर्न आइपुग्छन्", प्रमुख अधिकारीले भन्नुभयो । नेपाल एकीकरणको थालनी भएको तत्कालीन गोरखा राज्यको इतिहास बुझ्ने उद्देश्यले गोरखा सङ्ग्रहालयको भ्रमणमा विद्यार्थी आउने गरेको उहाँको भनाइ छ। "अधिकांश जिल्लाका विद्यालयबाट शैक्षिक भ्रमणका लागि विद्यार्थी लिएर गोरखा सङ्ग्राहलय आउने गरिएको पाइन्छ", प्रमुख अधिकारीले भन्नुभयो, "यसले पनि सङ्ग्रहालय शैक्षिक भ्रमणको मुख्य रोजाइमा पर्ने गरेको बुझ्न सकिन्छ ।"मुख्य गरी हरेक वर्षको कात्तिकदेखि पुससम्मको अवधि शैक्षिक भ्रमणका लागि उपयुक्त मानिन्छ। तल्लो दरबारको नामले चिनिने गोरखा सङ्ग्रहालय भएको भवन आफैंमा पनि परम्परागत पहिचान बोकेको वास्तुशैलीमा बनेकाले त्यसको अवलोकनसमेत शैक्षिक भ्रमणमा आउने पर्यटकको रोजाइमा पर्ने गरेको उहाँले बताउनुभयो। सङ्ग्रहालयमा पृथ्वीनारायण शाहको ५२ हात लामो चिनासहित तैलचित्र कक्ष, वंशावली कक्ष, जन्मकुण्डली कक्ष, दिव्यउपदेश कक्ष, हातहतियार कक्ष, धार्मिक परम्परागत कक्ष, जनजातिको झाँकी कक्ष, परिचात्मक कक्ष, भाँडावर्तन कक्ष, श्रव्यदृश्य कक्ष, चैत्य कक्ष र हस्तलिखित गरी १२ प्रदर्शनी कक्षसमेत प्रदर्शनीका लागि राखिएको छ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरिलिअस्

**सम्पादकीय**

# नेकपा एसमा पनि शक्ति संघर्ष

नेकपा एमाले बाट फुटेर बनेको नेकपा एकीकृत समाजवादीमहाधिवेशन नहुँदै शक्ति संघर्ष शुरु भएको छाएक वर्ष अघि घोषणा गरिएको महाधिवेशन समय अभाव देखाएर सार्न खोजिएको छ। नेकपा एसअध्यक्ष माधव कुमार नेपाल र सम्मानित नेता झलनाथ खनालबीच शक्ति संघर्ष देखिएको छ।छलफल गरेर महाधिवेशन मिति तोकको हुँदा अहिले सार्नुपर्ने कारणबारे नेताहरुले आवश्यक तयारी नपुगेको तर्क पनि गरेका छन् । जबकि महाधिवेशन गर्ने निर्णय एक वर्ष अगाडि भएको थियो ।

गत वर्ष माघमा सम्पन्न पाँचौं केन्द्रीय कमिटी बैठकबाटै यो फागुनमा महाधिवेशन गर्ने निर्णय भएको थियो । त्यही निर्णयलाई टेकेर गत भदौमा बसेको बैठकले मिति र स्थानबारे निर्णय गरेको हो । तर एक वर्ष अगाडि निर्णय हुँदा पनि आवश्यक तयारी नपुगेको तर्क गरिनु तर्कसंगत देखिंदैन । राष्ट्रियसभाको निर्वाचन र भूकम्प प्रभावितहरुको अस्थायी पुनर्स्थापनामा खटिनुपर्ने कारण पनि चित्तबुझ्दो देखिंदैन । किनकि माघसम्म भूकम्प प्रभावितको उद्धारमा स्वयंसेवक खटिनुपर्ने अवस्था नरहन सक्छ भने राष्ट्रियसभाको चुनाव एकैदिनमा सकिने र एकीकृत समाजवादीबाट धेरै नेता अल्मलिनुपर्दैन ।

स्रोतका अनुसार, देखाइएको यी तीन कारण नभएर महाधिवेशन सार्ने तयारीको पछाडि पार्टीभित्र चल्दै आएको माधव भर्सेस झलनाथबीचको संघर्ष मुख्य कारण हो । माधव र झलनाथबीच पार्टी गठन यता लगातार अन्तरसंघर्ष देखिंदै आएको छ । पार्टीको वैचारिक कार्यक्रम, एमसीसी अनुमोदन प्रक्रिया, आमनिर्वाचनमा गठबन्धनदेखि समाजवादी मोर्चा गठनसम्म माधव र झलनाथबीच मतभेद सार्वजनिक रुपमै देखिएको थियो । त्यो अन्तरसंघर्ष आगामी महाधिवेशनबाट चयन हुने नेतृत्व निर्माणमा पनि देखिन पुगेको छ। महाधिवेशन सार्ने प्रस्ताव नेता खनालले ल्याउनुमा पनि अन्तरसंघर्ष नै कारण हो ।

किनकि यसअघि महाधिवेशन चाँडो हुनुपर्ने पक्षमा खनालले अडान लिंदै आएका थिए । तर महाधिवेशन नजिकिंदै गर्दा पार्टीभित्र ७० वर्षे उमेर हदको विषय प्रवेश हुने संभावना बढेर गयो । 'एमालेकै निरन्तरता हौं भनेका छौं । त्यो भनेको त ७० वर्षे उमेर हद स्वीकार्ने भन्ने पनि हो । यद्यपि विधानमा प्रष्ट लेखेका छैनौं' एक नेताले भने, 'कथं महाधिवेशन हलभित्र उमेर हद नहटाएको प्रस्ताव आएमा झलनाथ खनाल नेतृत्वको प्रतिस्पर्धाबाटै बाहिरिने छन् ।' ७३ वर्ष पुगेका खनालले पनि यही पक्षलाई ध्यान दिएर महाधिवेशनको मिति सार्ने प्रस्ताव ल्याएको हुनसक्ने ती नेता बताउँछन् । हुन पनि निर्धारित मितिमै महाधिवेशन भए अध्यक्ष नेपाललाई उमेर हदले असर गर्ने छैन ।

किनकि २३ फागुनमा मात्रै अध्यक्ष नेपाल ७० वर्ष कट्नेछन् । १८ माघभित्रै महाधिवेशन सक्ने गरी मिति निर्धारण गर्दा यही तथ्यलाई ध्यान दिएको खनाल निकटस्थहरुको विश्लेषण छ । त्यसैले फागुन कटाएर महाधिवेशन गर्दा दुवै नेताको हैसियत समान हुने बुझाइका साथ नयाँ मितिको प्रस्ताव गरिएको हुनसक्ने ती पदाधिकारीको बुझाइ छ । 'अहिलेको महाधिवेशन मिति अध्यक्षले नै प्रस्ताव गर्नुभएको हो । त्यसैले उहाँले पछाडि सार्ने वा महाधिवेशन नचाहने भन्ने होइन होला' उनी भन्छन्, 'यसअघि भएका कार्यविभाजन र सरकारमा गएका मन्त्रीको कार्यशैलीलाई लिएर पार्टीभित्र प्रश्न उठिरहेको छ । नेतृत्वकै कार्यशैलीमा प्रश्न उठाउने खनाल कमरेड हुनुहुन्छ । महाधिवेशनको मिति सार्ने विषयमा पनि उहाँको रुचि हुनसक्छ ।' उपमहासचिव गंगालाल तुलाधर भने तोकिएकै समयमा महाधिवेशन हुनुपर्ने बताउँछन् । 'लामो छलफलपछि केन्द्रीय समितिले महाधिवेशनको मिति तोकेको छ । यसलाई कुनै कारण देखाएर पछाडि लैजानुहुँदैन' ।

# सञ्चार सहकारीको १२ औं साधारणसभा



**पोखरापत्र संवाददाता**
पोखरा, १७ मंसिर

सञ्चार वचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२ वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ। साधारणसभामा प्रमुख अतिथिको रुपमा सहकारीका जेष्ठ सदस्य सुवेदार मेजर यामबहादुर रानाले पानसमा दिप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

पोखराको न्यूरोड स्थित सहकारीको आफ्नै भवनमा सम्पन्न साधारण सभामा संस्थाका अध्यक्ष विनोद ढुंगानाले पछिल्लो समय केही सहकारीमा देखिएको वित्तिय संकट र व्यवस्थापकीय कमजोरीले सहकारी प्रति आम बचतकर्ताको धारणा बदलिएको बताउनुभयो । उहाँ त्यसको प्रत्यक्ष र अप्रत्यक्ष असर संस्थामा देखिए पनि सञ्चालक समितिको व्यवस्थापकीय कौशलका कारण कठिन र चुनौतिपूर्ण समयलाई पार लगाएर शेयर सदस्य र बचतकर्ताको बचतलाई सुरक्षित गर्न सफल भएको बताउनुभयो । उहाँले भन्नुभयो "हामीलाई शेरयसदस्य र बचतकर्ताको निकै ठुलो साथ र भरोसा मिल्यो, हामीप्रति उहाँहरुको विश्वास र उहाँहरु प्रति हामी जिम्मेवार भएकै कारण संस्थाले नियमित कारोबार गरिह्यो र कुनै पनि बचतकर्ता निराश हुनुपरेन ।" सबैको साथले सञ्चारले आफ्नो गरिमा जोगाउन सफल भएको जनाउँदै उहाँले संस्थालाई अझ मजबुत बनाउन आगामी आ.व देखि सञ्चालक र व्यवस्थापकले ऋण सुविधा लिन नमिल्ने व्यवस्था गरिएको पनि जानकारी दिनुभयो ।

जिल्ला सहकारी संघ कास्की सञ्चालक धनराज पूरीले सहकारीले नीति नियम भित्र रहेर कारोवार गर्दा समस्या भोग्नु नपर्ने भन्दै सञ्चालक देखि बचतकर्ता शेयर सदस्य सबैले आर्थिक अनुशासनलाई पालना गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा सञ्चालक सचिव पवित्रराज तिवारीले आगामी कार्ययोजना सहितको प्रगति प्रतिवेदन पेश गर्नुभएको थियो भने कोषाध्यक्ष युवराज खनालले आर्थिक प्रतिवेदन पेश गर्नुभएको थियो ।

त्यसैगरी लेखा समितिको वार्षिक प्रतिवेदन संयोजक गणेश पराजुलीले प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा सहकारीमा कार्यरत बजार व्यवस्थापक सनम नेपालीलाई उत्कृष्ट कर्मचारीको रुपमा नगद पाँच हजार सहित सम्मान गरिएको थियो । संस्थामा ४ सय ५४ शेर सदस्य रहेका छन् भने शेयर पुँजी ८ करोड ५६ लाख २५ हजार रहेको व्यवस्थापक रेशम खड्काले जानकारी दिनुभयो ।

# पोखरेली टेनिस खेलाडीहरु टेनिस टुर गर्दै चितवनमा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ मंसिर

टेनिस टुरका लागि चितवन आइपुगेका पोखरेली टेनिस खेलाडीको एउटा समुले चितवनमा मैत्रीपूर्ण टेनिस खेलेका छन् । उनीहरु चितवनस्थित प्रिमियर टेनिस एकेडेमीमा सिंगल्स तथा डबल्सका प्रतिस्पर्धाका लागि कोर्टमा उत्रिए । नौं सदस्यि टेनिस टोलीमा खेलाडीहरु गोपीबहादुर भट्टराई, सूर्यबहादुर भुजेल, धरम बहादुर लामिछाने, राज गुरुङ्ग, भिष्मराज पौडेल, विश्वराज पौडेल, बिरेन्द्र लामा, लक्ष्मण लामा, विनय थापा, देव श्रेष्ठ रहेका छन् ।

चितवनको भरतपुरस्थित उक्त टेनिस एकेडेमी खैरहनी नगरपालिका-१३, गवइक कुमार जंग क्षेत्रीले सञ्चालन गरेका हुन् । साढे दश कठ्ठा जग्गा भाडामा लिएर उनले चार कठ्का क्षेत्रफलमा दुई वटा कोर्ट निर्माण गरेका छन् । छिट्टै अरु दुई वटा टेनिस कोर्ट निर्माणको चरणलमा रहेको क्षेत्रीले बताए । १३ वर्षदेखि टेनिस खेल्दै आएका उनले काठमाण्डौमा सिटिजन कपका दुई र पोखरामा माछापुच्छ्रे कपको एक संस्करणमा भाग लिएका छन् । चितवनमा टेनिस खेलको विकास र विस्तार गर्दै उत्पादित खेलाडीहरुलाई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागिता गराउने उनको लक्ष्य छ । मोफसलमा रहेर टेनिस खेलको विकासमा लागेकाहरुको हौसलाका लागि आफुहरु चितवन आएको खेलाडी गोपीबहादुर भट्टराईले बताए । टेनिस खेल्नका लागि बाहिरी शहरहरुमा जाने संस्कृतीको विकास गर्न सकिए यसले मोफलसमा खेल पर्यटन विकास मद्धत पुग्ने पोखरा पर्यटन परिषद्का पूर्वाध्यक्ष समेत रहेका भट्टराईको भनाई छ । निजि खर्चमा चितवनमै पहिलो टेनिस कोर्ट निर्माण गरेका खेल विकासमा लागेका कुमार जस्ता प्रतिभालाई सरकारी स्तरबाट पनि सहयोगको खाँचो रहने अर्का खेलाडी सूर्यबहादुर भुजेलको भनाई छ ।

# पक्की पुल निर्माणले बेनी-कोरला सडक सहज

**पोखरापत्र संवाददाता**
बेनी, १७ मंसिर

उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर सडक आयोजनाअन्तर्गत बेनीबाट मुस्ताङको कोरलासम्मको सडकमा पक्की पुल निर्माणले तीव्रता पाएको छ। कालोपत्रसहित सडक स्तरोन्नति भइरहेको यस सडकखण्डअन्तर्गत बेनी-जोमसोम-कोरला खण्डमा अहिलेसम्म १६ मोटरेबल पुल निर्माण भइसकेका छन् ।

पक्की मोटरेबल पुल निर्माण हुन थालेपछि खोला-खोल्सामा जोखिमपूर्ण तरिकाले सवारी वारपार गराउनुपर्ने बाध्यता हटेको सवारी चालक विकास भण्डारीले बताउनुभयो। "बेगखोलालगायतका धेरै खोलामा वर्षायाममा ज्यानै जोखिममा राखेर सवारी चलाउनुपर्थ्यो, कतिपटक त सवार ीसाधन नै खोलाले बगाएका पनि थिए, अब यो समस्या विस्तारै कम हुँदै गएको छ", उहाँले भन्नुभयो । आयोजनामार्फत १३ र सडक विभागअन्तर्गतको पुल महाशाखाले तीन गरी १६ मोटरेबल पुल निर्माण सम्पन्न भएको आयोजनाका इन्जिनियर विष्णु चापागाईंले जानकारी दिनुभयो । गलेश्वरस्थित राहुघाट, बेगखोला, तिप्ल्याङ, पोखरेबगर, दाना, मुस्ताङको लुप्राखोलामा मोटरेबल पुल निर्माण सम्पन्न भइसकेको छ । यस्तै मुस्ताङको छान्ताङखोला, लेतेखोला, लोमान्थाङखोला, किम्लिङखोला, नामडोक खोला, भर्माखोला, स्याङखोला र घट्टेखोलामा मोटरेबल पुल निर्माण सम्पन्न भई यातायात सञ्चालनमा आइसकेको आयोजनाले जनाएको छ ।

रुप्से झरना, मुस्ताङको खहरेखोला, सेताखोला, पाण्डाखोला र लेतेखोलामा पुल निर्माणका लागि प्रस्ताव गरिएको इन्जिनियर चापागाईंले जानकारी दिनुभयो । बेनी-जोमसोम-कोरला खण्डका विभिन्न आठ स्थानमा पक्की मोटरेबल पुल निर्माणाधीन अवस्थामा रहेको उहाँले बताउनुभयो । यसैगरी पुल महाशाखामार्फत मुस्ताङको थापाखोला र बोक्सीखोलमा पुल निर्माणका लागि खरिद प्रक्रिया थालिएको छ । बाँकी स्थानमा पुल निर्माणका लागि आयोजनाले अध्ययन गरिरहेको जनाएको छ । पर्वतको मालढुङ्गाबाट बेनी हुँदै मुस्ताङस्थित चीनको सिमाना कोरला नाका जोड्ने दुई सय आठ किलोमिटर दूरीको मालढुङ्गा-बेनी-जोमसोम-कोरला सडक विगत सात वर्षदेखि स्तरोन्नतिसहित कालोपत्र योजना सञ्चालन गरिएको छ ।

# काहुँखोला बहुउद्देश्यीय सहकारीको अध्यक्षमा पुनः रमा कार्की

**पोखरापत्र संवाददाता**
पोखरा, १७ मंसिर



पोखरा महानगरपालिका वडा नं १३ स्थित काहुँखोला महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिं को शनिबार भएको पाँचौ वार्षिक साधारण सभा तथा दोस्रो अधिवेशनले रमा कार्कीलाई पुनः अध्यक्षमा चयन गरेको छ ।

सहकारीको उपाध्यक्षमा ईश्वरी वराल, सचिवमा शारदा रेग्मी सिग्देल, कोषाध्यक्षमा संगिता वराल सापकोटा चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश बुद्धिकुमारी अर्याल गौतम, सरस्वती सिग्देल र सरिता वाग्ले गौतम रहेका छन् । सोही अधिवेशनले लेखा सुपरिवेक्षण समितिको संयोजकमा चन्द्रकुमारी गुरुङलाई चयन गरेको छ। अधिवेशनले नयाँ कार्यसमिति चयन गर्नको लागि निर्वाचन मण्डलको संयोजकमा गणेश आचार्य र सदस्यहरुमा क्रमश गौविन्दराज गौतम र विष्णु कार्की रहेका थिए ।

# चित्रे भञ्ज्याङ पोखरा सम्पर्क मञ्चद्धारा क्यान्सर पिडितलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १७ मंसिर

चित्रे भञ्ज्याङ पोखरा सम्पर्क मञ्च कास्कीका आजिवन सदस्य वल बहादुर रानाको धर्मपत्नी वर्ष ४२ की अनु दुरा राना विगत केही वर्षदेखि थाइराइड क्यान्सर रोगबाट ग्रस्त भई भरतपुर क्यान्सर हस्पिटलमा उपचार गराउदै आउनु भएकोमा उहाँलाई आर्थिक सहयोग गरेको छ ।

रानाको स्वास्थ्य लाभको कामना गर्दै मञ्चद्धारा बिस हजार पाँच सय आर्थिक सहयोग गरेको छ । उक्त रकम विरामीका श्रीमान पोखरा- १५ कान्तिपुरचोक निवासी बल बहादुर रानालाई शनिबार मञ्चका अध्यक्ष बुद्धिराम लम्सालले प्रदान गर्नु भएको हो । उक्त रकम कार्यसमितिका सदस्य लागायत अन्य सदस्यहरुबाट संकलन गरिएको थियो । सो अवसरमा रानाले मञ्चलाई धन्यवाद व्यक्त गरेका थिए ।

# झिम्पा गाउँका घर-घरमा शुद्ध पानी

**पोखरापत्र संवाददाता**
गलकोट, १७ मंसिर

बागलुङका निसीखोला गाउँपालिकामा पछिल्लो समय विकासले गति लिएको छ । मध्यपहाडी लोकमार्गले चिरेर रुकुमबाट अगाडि बढेपछि यस क्षेत्र विस्तारै सुगम बन्दै जान थालेको छ भने सडकपछि खानेपानी र शिक्षामासमेत उल्लेखनीय परिवर्तन हुन थालेको हो ।

निसीखोला गाउँपालिका-४ झिम्पामा गोर्खा वेलफेयर ट्रस्टले खानेपानी आयोजना निर्माण गरिदिएपछि स्थानीयलाई सहज भएको छ। 'एक घर एक धारा' कार्यक्रमअन्तर्गत आँगनमै धारामा पानी आउन थालेपछि निकै सजिलो भएको स्थानीय भोजी मगरले बताउनुभयो । "घर सफा भयो, सबैलाई सुविस्ता भयो, पानी बोकेर खानु परेन गाग्रीमा बोकिन्थ्यो र अहिले त गाग्रीमा भरेर ढोकामै राखे जस्तो भएका छ", उहाँले भन्नुभयो, "आगनमै धारो भएपछि त गाग्रीमा थापेर राख्नै पर्दैन ।" धारामा प्रशस्त पानी आउने भएकाले सिँचाइमासमेत सहयोग पुगेको उहाँको भनाइ छ । "धारामा २४सै घण्टा पानी आउँछ, त्यसले गर्दा सिँचाइ पनि गरिएको छ" उहाँले भन्नुभयो, "गहुँ जौ, गोबी, ब्याज, लसुन, सुन्तला कागतीको बिरुवा लगाइएको छ, तरकारी खेती गर्न पनि सजिलो भएको छ, आकाशबाट समयमा पानी नपर्दा पनि बारीमा सिँचाइ गरेर आवश्यक तरकारी उब्जाउन सजिलो भएको छ ।"


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## नाम परिर्वतन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०८/१६ गते

कम्पनी ऐन २०६३ बमोजिम स्थापना भएको प्रा.लि. नं. ३२०९६३/०८०/०८१ को साविक पाखा पखेरा मिडिया प्रा.लि. को नाम परिवर्तन भई अब उपरान्त राइज अफ वर्ल्ड मिडिया प्रा.लि. कायम हुने गरी कम्पनी रजिष्टारको कार्यालयबाट समेत स्वीकृत प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**राइज अफ वर्ल्ड मिडिया प्रा.लि.**
**मालेपाटन-५ पोखरा महानगरपालिका कास्की, नेपाल**

## विमा लेख हरायो

**साविक प्राइम लाइफ र यूनियन लाइस इन्स्योरेन्सवाट जारि गरिएको निम्न लिखित बीमालेखहरु हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नामः** बसन्त राज बास्तोला
**विमा लेख नं.** ULI ४०००००३२१
**नामः** मानस्वी मैनाली
**विमा लेख नं.** PLI १६१००००६९

**सम्पर्क : हिमालयन लाइफ इन्स्योरेन्स लि.**
**पोखरा फोन नं. ०६१-५७४४५०**

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०८/१८

यस कार्यालयबाट मिति २०६४/११/०६ मा कास्की जिल्ला पोखरा १७ कास्कीमा संचालन गर्ने गरि पोखरा १७ कास्की निवासी बलभद्र भट्टराईको नाममा दर्ता भएको फर्म दर्ता नं. ५७६९/०६४/०६५(१२६)कोअप्सरा पोल्ट्री फर्म नामक फर्मको प्रोप्राईटरले फर्म संचालन गर्न नसक्ने भएकाले मिति २०८०/०८/१८ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

